**सिन्धुपाल्चोक जिल्लाको खाद्य सुरक्षा बुलेटिन**
**अवधि: चैत्र २०७१ देखि आषाढ २०७२**
**जिल्ला खाद्य सुरक्षा सञ्जाल बैठक मिति: साउन १३, २०७२**

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## प्रभाव परिणाम

### खाद्य उपयोग

जिल्ला खाद्य सुरक्षा सञ्जालले भूकम्पको प्रभाव र कृषि उत्पादनको हिसाबले रित्त मौसम भएकोले गर्दा जिल्लामा खाद्य उपभोगको अवस्था खराब रहेको जनाएको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार समूह-घ का २० देखि २५ प्रतिशत घरधुरीहरु, समूह-ख का ३० देखि ४० घरधुरीहरु र समूह-ग का ६० देखि ८० प्रतिशत घरधुरीहरुले मात्र आधारभूत खाद्य आवश्यकताहरु पुरा गर्न सकेका छन् ।


### जीविकोपार्जन तथा निर्वाह पद्धती

जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार भूकम्पका कारण ६७,३८५ घरहरु मध्ये ६४,५९५ पूर्ण रुपमा ध्वस्त भए, कृषि तथा पशुपालनबाट हुने आयमा उच्चतम असर परयो र ज्यालादारी मजदुरीबाट हुने आम्दानी पनि २५ देखि ४० प्रतिशत घट्यो । घरधुरीहरुले खाद्य र गैर खाद्य आवश्यकता पुरा गर्नका लागि बाहय क्षेत्रको सहयोग, पशुपंक्षीको बेचबिखन, खाद्य वस्तु र नगद उधारोमा लिने तथा खानाको मात्रा र छाक घटाउने उपाय अपनाइ निर्वाह गर्नु परयो ।

### तीब्र बाल कुपोषण

जिल्ला जन स्वास्थ्य कार्यालयले तीब्र बाल कुपोषण सम्बन्धि दुब्लो पना तथा ख्याउटेपनाको नियमित तथ्यांक उपलब्ध नभएको जनायो । यद्दपी, धेरै बच्चाहरुमा गरिएको MUAC नाप अनुसार समग्र रुपमा पाँच बर्ष भन्दा मुनिका बालबालिकाहरुको (१९,५३३ बालबालिकाहरु मध्ये) ३.६ प्रतिशतमा तीब्र कुपोषण को अवस्था रहेको देखियो । करीब ७० प्रतिशत खानेपानी आपूर्ती प्रणाली र सरसफाइका सुविधाहरुमा क्षती पुगेको हुनाले स्वास्थ्य र सरसफाइको अवस्था कमजोर रहेको पाइयो ।

## खाद्य सुरक्षा चरण नक्शा र अनुमानित खाद्य असुरक्षित जनसंख्या




| चरण ३ गा.वि स.हरु | २०७२ को अनुमानित जनसंख्या | चरण ३ र ४ मा अनुमानित जनसंख्या |
|---|---|---|
| **चरण ३** | | |
| **क्षेत्र ख (१९ गा.वि.स हरु) :** इर्खु, कदमबास, नवलपुर, भोटसिपा, थाङ्गपाल्धाप, सिपापोखरे, बतासे, फुल्पिङ्गकोट, फुल्पिङ्गडाडा, जलबिरे, मानेश्वारा, राम्चे, बाह्रबिसे, धुस्कुन, टेकनपुर, यमुनडाँडा, कालिका, ढोकर्पा र अत्तरपुर | ८०,६८४ | ४१,१०० |
| **क्षेत्र ग (२६ गा.वि.स हरु) :** पाङ्गट्टाङ्ग, सिलाङ्ग, बराम्ची, घुम्थाङ्ग, कुन्चोक, स्याउले, हेलम्बु, पाल्चोक, बासखर्क, दुबाचौर, लागचे, भोटेनाम्लाङ्ग, गुन्साकोट, थाङ्गपालकोट, बाडे गाउ, थकानी, कअर्थली, चोकटी, टौथाली, पिस्कर, पेटंखु, ठुलो धादिङ्ग, सुनखानी, हैबुङ्ग, हगाम, र सिंगपाल्काभ्रे । | १०७,०४३ | ७२,३०० |
| **चरण ४** | | |
| **क्षेत्र घ (१० गा.वि.स हरु) :** बरुवा, भोताङ्ग, गुम्बा, गोचे, तातो पानी, लिस्टि, फुल्पिङ्गकन्ट्टी, मार्मिङ्ग, गाटी र घोरथली (१० गा.वि.स हरु) । | ३५,८१९ | २८,७०० |
| **जम्मा** | **२२३,५४६** | **१४२,१००** |
| प्रभावित जनसंख्या (२०७२ मा जिल्लाको अनुमानित जनसंख्या: ३०६२४६ को प्रतिशत) | ४६.४% | |
| स्रोत : जिल्ला खाद्य सुरक्षा सञ्जाल | | |

**प्रमुख कारण, संदर्भ तथा मुख्य बुँदाहरु :** सिन्धुपाल्चोक भूकम्प अति प्रभावित जिल्लाहरु मध्येको एक रहयो । जिल्ला दैवी प्रकोप उद्धार समितिका अनुसार बैशाख १२ गतेको भूकम्प र त्यस पछिको बैशाख २९ गतेको ठूलो भट्कोले गर्दा ३,५३२ मानिसहरुले ज्यान गुमाए ।

जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार भूकम्पका कारण सम्पूर्ण गा.वि.स र नगरपालिकाहरु प्रभावित भए र १० गा.वि.स हरु गम्भिर खाद्य असुरक्षित (चरण ४) अवस्थामा रहे । यो यस्तो अवस्था हो जँहा घरधुरीहरुले जीविको पार्जनका साधनहरु गुमाएर मात्र खाद्य तथा गैर खाद्य आवश्यकता पूरा गर्न सक्दछन् । अतः उनीहरु लाई तत्काल सहायता आवश्यकता पर्दछ (प्रभावित जनसंख्या र गा.वि.स. हरु माथिको नक्शा र तालिकामा हेर्नुहोस्) । ती गा.वि.स हरुमा ६० प्रतिशत घरधुरीले आफ्नो ९० प्रतीशत खाद्य संचय गुमाएका थिए भने श्रावण सम्ममा ५० प्रतिशत घरधुरीसंग करीब २० दिन सम्मको लागि मात्र खाद्य संचिती थियो । ती गा.वि.स हरु दुर्गम स्थानमा छन र नजिकको बजारमा पँहुचमा पनि कठिन छ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार भूकम्प पश्चातको अवधिमा ज्यालादारी मजदुरी ४० प्रतिशतले घट्यो र पशुपालनबाट हुने आम्दानीमा पनि ३० प्रतिशतले कमी आयो ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले थप ४५ गा.वि.स हरु लाई उच्चतम खाद्य असुरक्षित (चरण ३) मा अवस्थामा वर्गिकरण गरेको छ । यो त्यस्तो अवस्था हो जहाँ खाद्य उपयोगको अभाव सामान्य भन्दा उच्चतम तहमा हुन्छ र घर धुरीहरुले जीविकोपार्जनका साधनहरु गुमाएर मात्र न्यूनतम खाद्य आवश्यकता पूरा गर्न सक्छन् । ती गा.वि.स हरुमा ५० प्रतिशत घरधुरीहरले ८० प्रतिशत खाद्य संचय गुमाएका थिए र श्रावण महिनाको मध्ये सम्ममा करीब ५० प्रतिशत घरधुरीहरु संग १-२ महिना सम्मको लागि मात्र खाद्य संचय रहेको थियो ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले १३ गा.वि.स र २ नगरपालिकाहरु मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गिकरण गरयो । ती क्षेत्रहरुमा गहुँ वालीको उत्पादन र विभिन्न निकायबाट प्राप्त भएको सहयोगका कारण करीब ६० प्रतिशत भन्दा बढी घरधुरीहरु संग १ देखि २ महिना सम्मका लागि मात्र प्रयाप्त खाद्य संचय रहेको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार भूकम्प पश्चात ज्यालादारी अवसरहरु र विप्रेशण भित्रिने क्रम २५ देखि ३० प्रतिशतले बृद्धि भयो ।

### पूर्वानुमान

जिल्ला खाद्य सुरक्षा सञ्जालको अनुमान अनुसार श्रावण देखि कार्तिक महिना सम्ममा खाद्य सुरक्षा अवस्थामा सुधार हुने र कुनैपनि गा.वि.स हरु गम्भिर खाद्य असुरक्षित चरणमा रहने छैनन् ।

अतः जिल्ला खाद्य सुरक्षा सञ्जालको प्रक्षेपण अनुसार हाल समूह-क मा रहेका गम्भिर खाद्य असुरक्षित (चरण ४) गा.वि.स हरु र समूह-ग मा रहेका २६ उच्चतम खाद्य असुरक्षित गा.वि.स हरु आउँदो अवधिमा उच्चतम खाद्य असुरक्षित (चरण ३) मा वर्गिकरण हुन सक्नेछन् र बाँकी ४२ गा.वि.स हरु र २ नगरपालिकाहरु मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) मा वर्गिकरण हुनेछन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले भित्रयाउन लागिरहेको मकै वाली, राहत र पूनर्स्थापना कार्यक्रमहरु, पशुपालनबाट हुने आम्दानी र विप्रेषणले गर्दा खाद्य सुरक्षा अवस्थामा सुधार हुने जनाएको छ । यद्दपी जिल्ला कृषि विकास कार्यालयले भने सुख्खा र खडेरीका कारण मकैको उत्पादनमा २० प्रतिशतले कमी आउने आंकलन गरेको छ ।

यसबाहेक, उच्चतम खाद्य असुरक्षित चरणमा वर्गिकरण हुन सक्ने गा.वि.स हरुमा जिल्ला खाद्य सुरक्षा सञ्जालले बर्षातका कारण पहिरो जान गै सडक अवरुद्ध हुने र यसको प्रत्यक्ष असर बजार सञ्चालन र मूल्यमा पर्न गई अरु बढी समस्या हुन सक्ने जनाएको छ ।

विस्तृत जानकारीका लागि सम्पर्क : DFSN सचिवालय, DADO, सिन्धुपाल्चोक

DFSN सम्बन्ध निकायहरु: DAO, DADO, DDC, DLSO, DFO, WCDO, DEO, DPHO, WFP, FAO, NRCs, DPO, DSCO etc

यो प्रकाशन यूरोपियन यूनियनको सहयोगमा तयार पारिएको हो ।यस बुलेटीनमा प्रकाशित विचारहरुले यूरोपियन यूनियनको विचारहरुलाइ प्रतिबिम्बित गर्छ भन्ने कुनै जरुरी छैन ।